# बेनी नगरपालिका
# म्याग्दी

# स्थानीय पाठ्यक्रम-२०७५

प्रस्तुतकर्ता

स्थानीय पाठ्यक्रम निर्माण समिति

बेनी नगरपालिका

# पाठ्यक्रम निर्माण समिति

## बेनी नगरपालिका

## म्याग्दी

## २०७५

१. संयोजक श्री सोमनाथ ढुङ्गाना

२. सदस्य श्री दुर्गाराम सुवेदी

३. सदस्य श्री देवीप्रसाद शर्मा

४. सदस्य श्री काशीराम रेग्मी

५ सदस्य श्री रामप्रसाद सुवेदी

६. सदस्य श्री सुरतबहादुर बानियाँ

# हाम्रो भनाइ

नेपालको संविधानले विद्यालय तहको शिक्षालाई स्थानीय सरकारको कार्यक्षेत्रभित्र राखेको छ । संविधानप्रदत्त अधिकार कार्यान्वयन गर्ने क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ ले हरेक स्थानीय तहलाई स्थानीय पाठ्यक्रम निर्माण गरी विद्यालयहरूमा कार्यान्वयन गर्न दिशानिर्देश गरेको छ । सोहीअनुसार बेनी नगरपालिकाको आ.व.२०७५/०७६ को नीति तथा कार्यक्रममा स्थानीय पाठ्यक्रम निर्माण गरी बेनी नगरक्षेत्रका विद्यालयमा कक्षा १–५ सम्म लागु गर्ने नीति लिइएको थियो । उक्त नीति तथा कार्यक्रमअनुसार यो पाठ्यक्रम तयार गरिएको हो । यस स्थानीय पाठ्यक्रमले नगरक्षेत्रभित्रको विशिष्ट पहिचानलाई उजागर गर्ने छ । यसबाट बालबालिकाले औपचारिक रूपमा आफ्नो ठाउँ, आफ्नो ठाउँको कृषि, पशुपन्छीपालन, उद्योग तथा व्यापारव्यवसाय, ऐतिहासिक-धार्मिक-सांस्कृतिक-प्राकृतिक सम्पदाको पहिचानसहित वस्तुनिष्ठ ज्ञान प्राप्त गर्नेछन् । साथै यस पाठ्यक्रमले बालबालिकाहरूलाई नगरक्षेत्रमा रहेका व्यावसायिक क्षेत्रको पहिचान र सोसम्बन्धी ज्ञान तथा सिपसमेत हासिल गराउने छ । परम्परागत पेसा व्यवसाय र स्थानीय प्रविधि तथा परम्परागत सामग्रीहरूलाई समेत यस पाठ्यक्रमले संरक्षण सम्बर्द्धन र विकास गर्न सहयोग पुऱ्याउनेछ । स्थानीय कला, कौशल, भाषा, भेषभूषा, संस्कृति र असल आचरणसमेत विकास गरी बालबालिकाहरूलाई असल एवम् सक्षम नागरिक बन्न यस पाठ्यक्रमले सघाउ पुऱ्याउने छ भन्ने विश्वास लिइएको छ । यस पाठ्यक्रम २०७७ सालको शैक्षिक सत्रदेखि कक्षा १ मा लागु गरी क्रमशः कक्षा ५ सम्म कार्यान्वयन गरिने छ ।

यस पाठ्यक्रम निर्माण तथा प्रकाशनमा सहयोग गर्नु हुने नगरक्षेत्रका शिक्षाविद्, स्थानीय पाठ्यक्रम निर्माण समिति, बुद्धिजीवी, शिक्षक, विद्यार्थी, अभिभावक, जनप्रतिनिधिहरू, नगर कार्यपालिकाका सदस्यहरू, पाठ्यक्रम विज्ञ, स्रोतव्यक्ति र कर्मचारी मित्रहरू सबैमा धन्यवाद दिन चाहन्छु । साथै यो पाठ्यक्रमको पूर्ण कार्यान्वयन र आवश्यक सुझावका लागि सबै सरोकारवालाज्यूहरूमा हार्दिक अनुरोध गर्दछु ।

हरिकुमार श्रेष्ठ
नगरप्रमुख

# विषयसूची


| क्र.सं. | विषय | पृष्ठ नं. |
|---|---|---|
| १. | परिचय | १ |
| २. | शिक्षाका राष्ट्रिय उद्देश्य | २ |
| ३. | आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमताहरू | ३ |
| ४. | आधारभूत शिक्षा (कक्षा ४-५) का सक्षमताहरू | ३ |
| ५. | स्थानीय विषय (कक्षा १-३) का सक्षमताहरू | ४ |
| ६. | स्थानीय विषय (कक्षा ४-५) का सक्षमताहरू | ४ |
| ७. | स्थानीय विषय (कक्षा १-५) का विषयवस्तुको क्षेत्र | ५ |
| ८. | स्थानीय विषय (कक्षा १-५) का कक्षागत विषयवस्तु र भार | ६ |
| ९. | स्थानीय विषय (कक्षा १-५) का विषयवस्तुको क्षेत्र र क्रम | ७ |
| १०. | स्थानीय विषय (कक्षा १-३) को सिकाइ उपलब्धि/विषयवस्तु विस्तृतीकरण | ११ |
| ११. | स्थानीय विषय (कक्षा ४-५) को सिकाइ उपलब्धि/विषयवस्तु विस्तृतीकरण | १७ |
| १२. | शिक्षण सिकाइ सहजीकरण प्रक्रिया | २१ |
| १३. | विद्यार्थी मूल्याङ्कन प्रक्रिया | २१ |

# बेनी नगरपालिकाको स्थानीय पाठ्यक्रम-२०७५

## स्थानीय विषय(मेरो नगरपालिका)

### १. परिचय ः

पाठ्यक्रम विकासका सन्दर्भमा देखा परेका विविध अवधारणाहरूमध्ये स्थानीय पाठ्यक्रम पनि एक नवीनतम् अवधारणा हो । "विश्वव्यापी रूपमा सोच राखी स्थानीय रूपमा कार्यान्वयनमा ल्याऊँ" (Think Globally Act Locally) भन्ने अवधारणालाई आत्मसात गर्दै स्थानीय ज्ञान, सीप तथा प्रविधिको प्रयोगबाट सिकारुमा अपेक्षित सिकाइउपलब्धि हासिल गराउने गरी तयार गरिएको पाठ्यक्रम नै स्थानीय पाठ्यक्रम हो । स्थानीय आवश्यकताअनुसार तयार गरिएको यस्तो पाठ्यक्रमले शैक्षिक विकेन्द्रीकरणको प्रबर्द्धन समेत गर्दछ । नेपाल भौगोलिक, आर्थिक, सामाजिक, धार्मिक विविधताले भरिपूर्ण मुलुक हो । विविधतामूलक सामाजिक संरचनामा मानिसहरूका आवश्यकता र चाहना पनि फरक फरक हुन्छन् । केन्द्रीय पाठ्यक्रमले मात्र मानिसहरूका फरक आवश्यकतालाई सम्बोधन नगर्न सक्छ । यस स्थितिमा स्थानीय पाठ्यक्रमले सिकारुमा स्थानीय ज्ञान तथा सीपसहितको मानसिक संरचना तयार गर्दछ जसले गर्दा भविष्यमा सामाजिक आवश्यकतालाई परिपूर्ति गर्ने ढोका खुल्दछ ।

नेपालको शासकीय स्वरूप सङ्घीय प्रणालीमा गइसकेपछि स्थानीय तहका आवश्यकतालाई स्थानीय साधन र स्रोतकै खोजी एवम् परिचालन गरी परिपूर्ति गर्ने अधिकार पनि स्थानीय तहलाई नै प्राप्त भएको छ । शैक्षिक योजनाको विकेन्द्रीकरणलाई नेपालको संविधानले सुनिश्चित गरेको छ । साथै राष्ट्रिय पाठ्यक्रम प्रारूपले समेत मुलुकको शासकीय स्वरूप र विविधतालाई सम्बोधन गर्न विद्यालय तहमा मातृभाषा वा स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गरी लागू गर्न बाध्यकारी व्यवस्था गरेको छ । हरेक विद्यालय आफैँले स्थानीय आवश्यकतामा आधारित पाठ्यक्रम निर्माण गरी लागू गर्ने मूल मर्म पाठ्यक्रम प्रारूपको हो तर पनि स्थानीय तहका साझा आवश्यकता र विद्यालयका विशिष्टीकृत आवश्यकतालाई समेत मध्यनजर गरी म्याग्दी जिल्ला बेनी नगरपालिका क्षेत्रका सबै विद्यालयहरूमा कक्षा १ देखि ५ सम्म लागू गर्ने गरी यो पाठ्यक्रम निर्माण गरिएको छ । यस पाठ्यक्रममा विषयवस्तुहरूलाई साधारण र ऐच्छिक गरी दुई भागमा विभाजन गरिएको छ । साधारणतर्फका विषयवस्तुहरू सबै विद्यालयहरूले पठनपाठन गराउनुपर्नेछ भने ऐच्छिक विषयवस्तुहरू विद्यालयहरूले आफ्नो आवश्यकता अनुसार छनौट गरी पठनपाठन गराउन सक्नेछन् । ऐच्छिक विषयवस्तुहरूमध्ये पहिलो खण्डबाट कुनै तीन विषयवस्तु र दोस्रो खण्डबाट कुनै दुई विषयवस्तुहरू छनौट गरी पठनपाठन गराउन सक्ने व्यवस्था यस पाठ्यक्रममा गरिएको छ ।

## २. शिक्षाका राष्ट्रिय उद्देश्यः

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ को मस्यौदाले परिवर्तित संरचना र राज्य व्यवस्थाअनुरूप निम्नानुसार शिक्षाका राष्ट्रिय उद्देश्यहरू तय गरेको छ ।

(क) प्रत्येक व्यक्तिमा अन्तर्निहित प्रतिभा प्रस्फुटन गरी व्यक्तित्व विकास गर्ने,

(ख) सङ्घीय लोकतान्त्रिक गणतन्त्रका मूल्यमान्यताप्रति प्रतिबद्ध, राष्ट्र र राष्ट्रियताप्रति बफादार, स्वाभिमानी, सामाजिक तथा सांस्कृतिक विविधतालाई सम्मान गर्ने, चरित्रवान्, नैतिकवान् एवम् जिम्मेवार नागरिक तयार गर्ने,

(ग) श्रमप्रति सम्मान एवम् सकारात्मक सोच भएका, रोजगार तथा स्वरोजगार उन्मुख, उत्पादनमुखी, उद्यमशील र सिपयुक्त नागरिक तयार गर्ने,

(घ) व्यक्तिको सामाजिकीकरणमा सहयोग गर्दै सामाजिक सद्भाव तथा सहिष्णुता र राष्ट्रिय एकता सुदृढ गर्न सहयोग पुर्‍याउने,

(ङ) प्राकृतिक तथा राष्ट्रिय सम्पदा र पर्यावरणको संरक्षण, सम्बर्धन र सदुपयोग गर्दै दिगो विकासमा योगदान गर्ने सचेत नागरिक तयार गर्ने,

(च) प्रत्येक व्यक्तिमा शान्ति, मानवअधिकार, समानता, समावेशिता र सामाजिक न्यायका मान्यतानुरूपको आचरण विकास गरी समतामूलक, समावेशी, न्यायपूर्ण र समाजवाद उन्मुख राष्ट्र निर्माणमा मद्दत गर्ने,

(छ) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धी, आधुनिक सूचना तथा सञ्चार प्रविधि प्रयोग गर्न सक्ने विश्वपरिवेश सुहाउँदो दक्ष जनशक्ति तयार गर्ने,

(ज) वैज्ञानिक अवधारणा, तथ्य, सिप, सिद्धान्त तथा प्रविधिको प्रयोग गर्न सक्ने वैज्ञानिक सुझबुझ भएका खोज तथा अनुसन्धानमुखी जनशक्ति तयार गर्ने,

(झ) रचनात्मक तथा समालोचनात्मक चिन्तन गर्ने, जीवनोपयोगी सिप भएका सहिष्णु र भाषिक सक्षमतामा निपुण नागरिक तयार गर्ने,

(ञ) नेपाली मौलिक कला, संस्कृति, सौन्दर्य, आदर्श तथा वैशिष्ट्यहरूको संरक्षण, सम्बर्धन र विस्तारतर्फ अभिप्रेरित भई नेपाली पहिचानप्रति गौरव गर्ने नागरिक तयार गर्ने,

(ट) जलवायु परिवर्तन तथा प्राकृतिक एवम् मानवसिर्जित प्रकोपप्रति सचेत रही सम्भावित जोखिम न्युनीकरण तथा विपद् व्यवस्थापन गर्न सक्षम नागरिक तयार गर्ने

(ठ) सामाजिक न्यायमा आधारित समृद्ध राष्ट्र निर्माणका निम्ति आवश्यक मानव संसाधनको विकास गर्ने ।

## ३. आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमताहरूः

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ अनुसार बालबालिकाहरूलाई गणितीय ज्ञान सिप तथा जीवनोपयोगी सीपहरूका साथै व्यक्तिगत स्वास्थ्य तथा सरसफाइसम्बन्धी बानीको विकास गर्ने अवसर प्रदान गर्नुपर्ने हुन्छ । त्यसैगरी उनीहरूलाई आफू रहेको प्राकृतिक तथा सामाजिक वातावरणसँग परिचित गराउनुपर्ने हुन्छ । प्रारूप अनुसार यस तहको पाठ्यक्रम बालबालिकाको उमेरगत क्षमता एवम् रुचिलाई ध्यान दिई एकीकृत सिद्धान्तअनुसार विकसित गरिनुपर्छ । प्रारूपले आधारभूत शिक्षा (कक्षा १-३) का सक्षमता देहायबमोजिम हुनुपर्ने कुरा औँल्याएको छ ।

१. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र प्रयोग,
२. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग,
३. अनुशासन, सदाचार र स्वावलम्वन जस्ता सामाजिक एवम् चारित्रिक गुणको विकास,
४. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञानको विकास,
५. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी र जीवनोपयोगी सिप (Life skills) को विकास,
६. कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकताको विकास,
७. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा, संस्कृति र क्षेत्रप्रति सम्मान र समभावको विकास,

## ४. आधारभूत शिक्षा (कक्षा ४-५) का सक्षमताहरूः

प्रारूप अनुसार आधारभूत शिक्षा (कक्षा ४- ५) का सक्षमताहरू निम्नानुसार हुनुपर्दछ :

१. राष्ट्रप्रेमको भावना एवम् लोकतान्त्रिक मूल्यमान्यता र संस्कारको विकास,
२. आधारभूत भाषिक तथा सञ्चार सिपको विकास र व्यावहारिक प्रयोग,
३. आधारभूत गणितीय अवधारणा र सिपको विकास र प्रयोग,
४. नैतिकता, अनुशासन, सदाचार र स्वावलम्वन जस्ता सामाजिक मूल्यमान्यता एवम् चारित्रिक गुणको विकास,
५. विज्ञान, वातावरण, सूचना प्रविधिसम्बन्धी आधारभूत ज्ञान र सिपको विकास,
६. शारीरिक तन्दुरुस्ती, स्वस्थकर बानी, सरसफाइ र जीवनोपयोगी सिप (Life skils) को विकास,
७. कला तथा सौन्दर्यप्रति अभिरुचि र सिर्जनात्मकता र समालोचनात्मक सिपको विकास,
८. आफ्नो परिवेशसँग परिचित भई विभिन्न जातजाति, धर्म, भाषा,संस्कृति र क्षेत्रप्रति सम्मान र समभावको विकास ।

## ५. स्थानीय विषय (कक्षा १-३) का सक्षमताहरू :

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ ले निर्दिष्ट गरेका राष्ट्रिय उद्देश्यहरू र राष्ट्रिय उद्देश्यहरूका आधारमा तय गरिएका उल्लिखित कक्षा १-३ का सक्षमताहरूमा पनि बालबालिकाहरूलाई आफ्नो परिवेश र वातावरणसँग परिचित गराउने भाव व्यक्त भएको देखिन्छ । यही भावनालाई आत्मसात गर्दै यस स्थानीय विषय (कक्षा १-३) का सक्षमताहरू निम्न अनुसार तय गरिएको छ ।

१. आफू रहेको क्षेत्रको बारेमा सामान्य परिचित हुन,
२. आफ्नो क्षेत्रको कृषि तथा पशुपालन सम्बन्धमा परिचित हुन,
३. आफ्नो क्षेत्रको उद्योग तथा व्यापार र व्यवसायबारे परिचित हुन,
४. आफ्नो क्षेत्रको धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदा तथा स्थलहरू बारेमा परिचित हुन,
५. आफू रहेको ठाउँको धर्म, संस्कृति, भाषा र आचरण सम्बन्धमा परिचित हुन,
६. आफ्नो क्षेत्रमा सञ्चालनमा रहेका परम्परागत सामग्री र स्थानीय प्रविधिहरू सम्बन्धमा परिचित हुन,
७. आफू रहेको ठाउँका व्यावसायिक र पर्यटकीय क्षेत्रहरू पहिचान गर्न र सो बारेमा जानकारी हासिल गर्न ।

## ६. स्थानीय विषय (कक्षा ४-५) का सक्षमताहरूः

राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७५ ले निर्दिष्ट गरेका राष्ट्रिय उद्देश्यहरू र राष्ट्रिय उद्देश्यहरूका आधारमा तय गरिएका उल्लिखित कक्षा ४-५ का सक्षमताहरूमा पनि बालबालिकाहरूलाई आफ्नो परिवेश र वातावरणसँग परिचित गराउने भाव व्यक्त भएको देखिन्छ । यही भावनालाई आत्मसात गर्दै यस स्थानीय विषय (कक्षा ४-५) का सक्षमताहरू निम्नानुसार तय गरिएको छ ।

१. आफू रहेको क्षेत्रको अवस्थिति, भूगोल र सिमानासम्बन्धी ज्ञान हासिल गर्न,
२. आफ्नो क्षेत्रको कृषि तथा पशुपालनका विविध पक्षहरूको बारेमा ज्ञान तथा सामान्य व्यावहारिक सिप हासिल गर्न,
३. आफ्नो क्षेत्रको उद्योग तथा व्यापार र व्यवसायका विविध क्षेत्रहरूको पहिचान गर्न र सोसम्बन्धी सामान्य व्यावहारिक ज्ञान तथा सिपहरू हासिल गर्न,
४. आफ्नो क्षेत्रको धार्मिक, सांस्कृतिक, ऐतिहासिक र प्राकृतिक सम्पदा तथा स्थलहरूको ज्ञान हासिल गरी व्यक्त गर्न,
५. आफू रहेको ठाउँको धर्म, संस्कृति, भाषा र आचरणसम्बन्धी ज्ञान तथा धारणा हासिल गर्न,
६. आफ्नो क्षेत्रमा सञ्चालनमा रहेका स्थानीय प्रविधिहरू र परम्परागत सामग्रीहरूको आवश्यकता, महत्व र व्यावहारिक प्रयोगसम्बन्धी ज्ञान तथा सिप हासिल गर्न,
७. आफू रहेको ठाउँका व्यावसायिक र पर्यटकीय क्षेत्रहरूको बारेमा ज्ञान तथा सिप हासिल गर्न ।
८. आफ्नो क्षेत्रमा रहेका उल्लिखित कुराहरूको सम्भाव्यता पहिचान गर्न ।

## ७. स्थानीय विषय (कक्षा १-५) का विषयवस्तुको क्षेत्रः

यस अन्तरगत विषयवस्तुहरूलाई साधारण र ऐच्छिक गरी दुई भागमा विभाजन गरिएको  छ ।

**(अ) साधारण खण्ड**

१. बेनी नगरपालिकाको परिचय

२. नगरक्षेत्रको कृषि

३. नगरक्षेत्रका पशुपन्छी

४. नगरक्षेत्रको व्यापारव्यवसाय तथा उद्योग

५. नगरक्षेत्रको धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थलहरू र प्राकृतिक सम्पदाहरू

६. नगरक्षेत्रका भाषा, धर्म, संस्कृति र आचरण

७. नगरक्षेत्रमा प्रयोग गरिने स्थानीय प्रविधि र परम्परागत सामग्रीहरू

**(आ) ऐच्छिक खण्ड**

**(क).व्यावसायिक क्षेत्र**

यस खण्डबाट कुनै तीन विषयवस्तुहरू छनौट गरी पठनपाठन गराउनुपर्नेछ ।

(१) नगरक्षेत्रको तरकारी खेती

(२) नगरक्षेत्रको फलफूल खेती

(३) नगरक्षेत्रको टिमुर खेती

(४) नगरक्षेत्रको कुखुरापालन

(५) नगरक्षेत्रको गाइभैँसीपालन

(६) नगरक्षेत्रको बाख्रापालन

(७) नगरक्षेत्रको बङ्गुरपालन

(८) नगरक्षेत्रको मौरीपालन

(९) नगरक्षेत्रको घरेलु उद्योग तथा व्यापारव्यवसाय

**(ख). पर्यटन क्षेत्र**

यस खण्डबाट कुनै दुईवटा विषयवस्तुहरू छनौट गरी पठनपाठन गराउनुपर्नेछ ।

(१) नगरक्षेत्रका ऐतिहासिक सम्पदा/स्थल

(२) नगरक्षेत्रका धार्मिक सम्पदा/स्थल

(३) नगरक्षेत्रका सांस्कृतिक सम्पदाहरू

(४) नगरक्षेत्रका प्राकृतिक सम्पदा तथा स्थलहरू

## ८. स्थानीय विषय (कक्षा १-५) का कक्षागत विषयवस्तु र भार

| (अ) साधारण खण्ड | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सि. नं. | विषयक्षेत्र | अङ्कभार (प्रतिशत) | वार्षिक कार्यघण्टा | | | | |
| | | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
| १ | बेनी नगरपालिकाको परिचय | ५ | ८ | ८ | ८ | ६ | ६ |
| २ | नगरक्षेत्रको कृषि | १० | १४ | १४ | १४ | १२ | १२ |
| ३ | नगरक्षेत्रका पशुपन्छी | १० | १४ | १४ | १४ | १२ | १२ |
| ४ | नगरक्षेत्रको व्यापार व्यवसाय तथा उद्योग | ५ | ८ | ८ | ८ | ६ | ६ |
| ५ | नगरक्षेत्रको धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थलहरू र प्राकृतिक सम्पदाहरू | ५ | १२ | १२ | १२ | ९ | ९ |
| ६. | नगरक्षेत्रका भाषा, धर्म, संस्कृति र आचरण | १० | १६ | १६ | १६ | १२ | १२ |
| ७. | नगरक्षेत्रमा प्रयोग गरिने स्थानीय प्रविधि र परम्परागत सामग्रीहरू | ५ | ८ | ८ | ८ | ६ | ६ |
| | जम्मा | ५० | ८० | ८० | ८० | ६३ | ६३ |
| (आ) ऐच्छिक खण्ड | | | | | | | |
| (क) व्यावसायिक क्षेत्र (कुनै तीन छनौट गर्ने) | | | | | | | |
| १ | नगरक्षेत्रको तरकारी खेती | १० | १६ | १६ | १६ | १३ | १३ |
| २. | नगरक्षेत्रको फलफूल खेती | १० | १६ | १६ | १६ | १३ | १३ |
| ३ | नगरक्षेत्रको टिमुर खेती | १० | १६ | १६ | १६ | १३ | १३ |
| ४ | नगरक्षेत्रको कुखुरापालन | १० | १६ | १६ | १६ | १३ | १३ |
| ५ | नगरक्षेत्रको गाईभैंसीँपालन | १० | १६ | १६ | १६ | १३ | १३ |
| ६ | नगरक्षेत्रको बाख्रापालन | १० | १६ | १६ | १६ | १३ | १३ |
| ७ | नगरक्षेत्रको बङ्गुरपालन | १० | १६ | १६ | १६ | १३ | १३ |
| ८ | नगरक्षेत्रको मौरीपालन | १० | १६ | १६ | १६ | १३ | १३ |
| ९ | नगरक्षेत्रको घरेलु उद्योग तथा व्यापार व्यवसाय | १० | १६ | १६ | १६ | १३ | १३ |
| | जम्मा | ३० | ४८ | ४८ | ४८ | ३९ | ३९ |
| (ख) पर्यटन क्षेत्र (कुनै दुई छनौट गर्ने) | | | | | | | |
| १ | नगरक्षेत्रका ऐतिहासिक सम्पदा/स्थल | १० | १६ | १६ | १६ | १३ | १३ |
| २. | नगरक्षेत्रका धार्मिक सम्पदा/स्थल | १० | १६ | १६ | १६ | १३ | १३ |
| ३ | नगरक्षेत्रका सांस्कृतिक सम्पदाहरू | १० | १६ | १६ | १६ | १३ | १३ |
| ४ | नगरक्षेत्रका प्राकृतिक सम्पदा तथा स्थलहरू | १० | १६ | १६ | १६ | १३ | १३ |
| | जम्मा | २० | ३२ | ३२ | ३२ | २६ | २६ |

# ८. स्थानीय विषय (कक्षा १-५) को क्षेत्र र क्रम

| सि. नं. | क्षेत्र | क्रम | | | | |
|---|---|---|---|---|---|---|
| | | कक्षा १ | कक्षा २ | कक्षा ३ | कक्षा ४ | कक्षा ५ |
| **(अ) साधारण खण्ड** | | | | | | |
| १ | बेनी नगरपालिकाको परिचय | –हाम्रो ठाउँ<br>–हाम्रो वडा<br>–हाम्रो नगरपालिका | –नगरपालिकाभित्रका वडाहरू<br>–नगरपालिकाभित्रका प्रमुख वस्तीहरू | –नगरपालिकाको सिमाना<br>–नगरपालिकाका वडाहरूको सिमाना<br>–वडाभित्रका सङ्घसंस्थाहरू | –नगरपालिकाको क्षेत्रफल<br>–नगरपालिकाको जनसङ्ख्या<br>–नगरपालिकाको गठन | –नगरपालिकाको गठन<br>–नगरपालिकाका अङ्गहरू<br>(क) नगरकार्यपालिका<br>(ख) नगरपरिषद्<br>(ग)नगरकार्यपालिकाका कार्यहरू |
| २ | नगरक्षेत्रको कृषि | –हाम्रो खेतीपाती<br>–हाम्रो माछापालन | –प्रमुख नगदेबाली<br>–प्रमुख खाद्यान्नबाली<br>–माछाका प्रकारहरू | –बाली लगाउने स्थानहरू<br>–माछा पाइने स्थानहरू र माछापालन गरिने क्षेत्रहरू | –खेतीयोग्य जमिन<br>–अर्गानिक कृषिको परिचय<br>–माछापालनका तरिकाहरू | –बालीको उपयोगिता<br>–अर्गानिक कृषिका महत्व फाइदाहरू<br>–माछा सेवनबाट हुने फाइदाहरू |
| ३. | नगरक्षेत्रका पशुपन्छी | –हाम्रा पशुपन्छी | –घरपालुवा पशुपन्छी<br>–जङ्गली पशुपन्छी | –घरपालुवा पशुपन्छी पालिने प्रमुख स्थानहरू<br>–जङ्गली पशुपन्छी पाइने जङ्गलहरू | –घरपालुवा पशुपन्छी पालनको आवश्यकता<br>–जङ्गली पशुपन्छीको महत्व | –घरपालुवा पशुपन्छीको उपयोगिता<br>–जङ्गली पशुपन्छीको संरक्षण |
| ४. | नगरक्षेत्रको व्यापार व्यवसाय तथा उद्योग | –हाम्रा व्यापार व्यवसाय र उद्योग | –नगरपालिकाभित्रका व्यापारव्यवसाय र उद्योगहरू | –व्यापार व्यवासाय हुने र उद्योग स्थापना भएका प्रमुख स्थलहरू | –व्यापारका प्रकृति<br>–व्यवसायका किसिम<br>–उद्योगका किसिमहरू | –व्यापारको आवश्यकता<br>–व्यवसाय गर्न आवश्यक स्रोतहरू<br>–उद्योगका लागि आवश्यक कच्चा पदार्थ |
| ५. | नगरक्षेत्रका धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थलहरू र प्राकृतिक सम्पदाहरू | –हाम्रा धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थल र प्राकृतिक सम्पदाहरू | –धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थल र प्राकृतिक सम्पदाहरूको अवस्थिति | –धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थल र प्राकृतिक सम्पदाहरूको परिचय | –धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थल र प्राकृतिक सम्पदाहरूको विशेषता र महत्व | धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थल र प्राकृतिक सम्पदाहरूको संरक्षण |
| ६. | नगरक्षेत्रका | –हाम्रा | –जातिगत बसोबास | – नगरपालिकाभित्र बोलिने | –भाषा तथा धर्म- | –भाषिक, धार्मिक- |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | भाषा, धर्म, संस्कृति र आचरण | जातजाति र हाम्रो भाषा<br>–हाम्रो धर्मसंस्कृति<br>–हाम्रो आचरण | गर्ने क्षेत्र<br>– भाषागत क्षेत्रहरू<br>– विभिन्न संस्कृति<br>–असल आचरणहरू | भाषाहरू<br>–नगरपालिकाभित्र मनाइने चाडपर्वहरू<br>–नगरपालिकाभित्र अपनाइने आचरणहरू | संस्कृतिका विशेषताहरू<br>–असल आचरणका फाइदाहरू | सांस्कृतिक सहिष्णुता<br>–भाषा र धर्म-संस्कृतिको संरक्षण<br>–असल आचरण प्रवर्द्धनका उपायहरू |
| ७. | नगरक्षेत्रमा प्रयोग गरिने स्थानीय प्रविधि र परम्परागत सामग्रीहरू | –हाम्रा प्रविधिहरू<br>–हाम्रा परम्परागत सामग्रीहरू | –स्थानीय प्रविधि र परम्परागत सामग्रीहरूको परिचय | –स्थानीय प्रविधि र परम्परागत सामग्रीहरूको प्रयोग | –स्थानीय प्रविधि र परम्परागत सामग्रीहरूको उपयोगिता तथा महत्व | –स्थानीय प्रविधि र परम्परागत सामग्रीहरूको संरक्षण |
| **(आ) ऐच्छिक खण्ड** | | | | | | |
| **(क) व्यावसायिक क्षेत्र** | | | | | | |
| ८ | नगरक्षेत्रको तरकारी खेती | –हाम्रा तरकारीहरू<br>–व्यावसायिक तरकारी खेती | –व्यावसायिक तरकारी खेतीको परिचय<br>–व्यावसायिक तरकारीका किसिम | –व्यावसायिक तरकारी उत्पादन हुने स्थान<br>–अर्गानिक तरकारी खेती | –व्यावसायिक तरकारीको उपयोगिता र महत्व<br>–तरकारीको भण्डारण<br>– रासायनिक मल<br>– तरकारी खेतीको सम्भाव्यता | –व्यावसायिक तरकारी खेती गर्ने तरिका<br>–तरकारीमा लाग्ने किरा र रोकथामका उपाय<br>–तरकारी बजार |
| ९ | नगरक्षेत्रको फलफूल खेती | –हाम्रा फलफूलहरू<br>–व्यावसायिक फलफूल खेती | –व्यावसायिक फलफूलका किसिमहरू | –व्यावसायिक फलफूल उत्पादन क्षेत्र<br>–अर्गानिक फलफूल खेती | –व्यावसायिक फलफूल खेतीको उपयोगिता र महत्व<br>–फलफूलको भण्डारण<br>–फलफूल खेतीको सम्भाव्यता | –व्यावसायिक फलफूल खेती गर्ने तरिका<br>–फलफूलमा लाग्ने रोग र रोकथामका उपायहरू<br>–फलफूल बजार |
| १० | नगरक्षेत्रको टिमुर खेती | – टिमुरको परिचय<br>–व्यावसायिक टिमुर खेती | –व्यावसायिक टिमुर खेतीको परिचय<br>–व्यावसायिक टिमुर खेतीयोग्य क्षेत्र | – टिमुरको प्रयोग<br>–टिमुर सेवनबाट हुने फाइदा | –व्यावसायिक टिमुर खेतीको उपयोगिता र महत्व<br>–टिमुरको प्रशोधन<br>–टिमुर खेतीको सम्भाव्यता | –व्यावसायिक टिमुर खेती गर्ने तरिका<br>–टिमुरको बजार |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ११ | नगरक्षेत्रको कुखुरापालन | –कुखुराको परिचय<br>–कुखुराको अण्डा<br>–व्यावसायिक कुखुरापालन | –व्यावसायिक कुखुरापालनको परिचय<br>–कुखुराका जातहरू | –व्यावसायिक कुखुरापालन क्षेत्र<br>–कुखुरापालनका लागि आवश्यक सामग्रीहरू | –व्यावसायिक कुखुरापालनको उपयोगिता र महत्व<br>–कुखुराको अण्डा र मासु भण्डारण<br>–कुखुरापालनको सम्भाव्यता | –व्यावसायिक कुखुरापालन गर्ने तरिका<br>–कुखुरामा लाग्ने रोग र रोकथामका उपायहरू<br>–कुखुरा बिक्री बजार |
| १२ | नगरक्षेत्रको गाइभैंसीपालन | –गाईभैंसीको परिचय<br>–व्यावसायिक गाईभैंसी पालन | –व्यावसायिक भैंसीपालनको परिचय<br>–गाईभैंसीका जातहरू | –व्यावसायिक गाइभैंसीपालन क्षेत्र<br>– गाइभैंसीपालनका लागि आवश्यक सामग्रीहरू | –व्यावसायिक भैंसीपालनको उपयोगिता र महत्व<br>–स्वस्थ दुध र दुग्ध भण्डारण<br>–गाईभैसीपालनको सम्भाव्यता | –व्यावसायिक गाइभैंसीपालन गर्ने तरिका<br>–गाईभैंसीमा लाग्ने रोग र रोकथामका उपायहरू<br>–दुध र उत्पादित चिजको बजार |
| १३ | नगरक्षेत्रको बाखापालन | –बाखाको परिचय<br>–व्यावसायिक बाखापालन | –व्यावसायिक बाखापालनको परिचय<br>–बाखाका जातहरू | –व्यावसायिक बाखा पालन क्षेत्र<br>–व्यावसायिक बाखापालनका लागि आवश्यक सामग्रीहरू | –व्यावसायिक बाखापालनको उपयोगिता र महत्व<br>–स्वस्थ मासुका फाइदाहरू र भण्डारण<br>–बाखापालनको सम्भाव्यता | –व्यावसायिक बाखापालन गर्ने तरिका<br>–बाखामा लाग्ने रोग र रोकथामका उपायहरू<br>–बाखा बिक्री बजार<br>–मासु बजार |
| १४ | नगरक्षेत्रको बङ्गुरपालन | –बङ्गुरको परिचय<br>–व्यावसायिक बङ्गुरपालन | –व्यावसायिक बङ्गुरपालनको परिचय<br>–बङ्गुरका जातहरू | –व्यावसायिक बङ्गुरपालन क्षेत्र<br>–बङ्गुरपालनका लागि आवश्यक सामग्रीहरू | –व्यावसायिक बङ्गुरपालनको उपयोगिता र महत्व<br>–स्वस्थ मासुका फाइदाहरू र भण्डारण<br>–बङ्गुरपालनको सम्भाव्यता | –व्यावसायिक बङ्गुरपालन गर्ने तरिका<br>–बङ्गुरमा लाग्ने रोग र रोकथामका उपायहरू<br>–बङ्गुर बिक्री बजार<br>–मासु बजार |
| १५ | नगरक्षेत्रको मौरीपालन | –मौरीको परिचय<br>–व्यावसायिक मौरीपालन | –व्यावसायिक मौरीपालनको परिचय<br>–मौरीका जातहरू | –व्यावसायिक मौरीपालन क्षेत्र<br>–मौरीपालनका लागि आवश्यक सामग्रीहरू | –व्यावसायिक मौरीपालनको उपयोगिता र महत्व | –व्यावसायिक मौरीपालन गर्ने तरिका<br>–मह काढ्ने तरिका<br>–मौरीमा लाग्ने रोग र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | –स्वस्थ मह<br>–मौरीपालनको सम्भावव्यता | रोकथामका उपायहरू<br>–मह प्रशोधन र मौरी संरक्षण<br>–मौरी तथा मह बिक्री बजार |
| १६ | नगरक्षेत्रको घरेलु उद्योग तथा व्यापार व्यवसाय | –हाम्रा घरेलु उद्योगहरू<br>–हाम्रा व्यापार तथा व्यवसायहरू | –नगरपालिकाभित्रका घरेलु उद्योगहरूको परिचय<br>–नगरपालिकाभित्रका व्यापार व्यवसायको परिचय | –घरेलु उद्योगका कच्चा पदार्थहरू<br>–उत्पादित सामग्रीहरू<br>–व्यापारव्यवसायका क्षेत्रहरू | –घरेलु उद्योगको उपोगिता र महत्व<br>–घरेलु उद्योगको सम्भाव्यता<br>–व्यापार व्यवसायको सम्भाव्यता | –घरेलु उद्योगको संरक्षण र प्रबर्द्धन<br>–उत्पादित बस्तुहरूको बजार<br>–व्यापारव्यवसायको प्रबर्द्धन |
| | | | **(ख) पर्यटन क्षेत्र** | | | |
| १७ | नगरक्षेत्रका ऐतिहासिक सम्पदा/स्थल | –ऐतिहासिक सम्पदा/स्थलका नाम | –ऐतिहासिक सम्पदा/स्थलको परिचय | –ऐतिहासिक सम्पदा/स्थल पुग्ने बाटोघाटो र समय | –ऐतिहासिक सम्पदा/स्थलको पर्यटकीय महत्व, विशेषता र सम्भावनाहरू | –ऐतिहासिक सम्पदा/स्थल भ्रमणका फाइदाहरू<br>–प्रबर्द्धनका उपायहरू र संरक्षण |
| १८ | नगरक्षेत्रका धार्मिक सम्पदा/स्थल | –धार्मिक सम्पदा/स्थलका नाम | –धार्मिक सम्पदा/स्थलको परिचय | –धार्मिक सम्पदा/स्थल पुग्ने बाटोघाटो र समय | –धार्मिक सम्पदा/स्थलको पर्यटकीय महत्व, विशेषता र सम्भावनाहरू | –धार्मिक सम्पदा/स्थल भ्रमणका फाइदाहरू<br>–प्रबर्द्धनका उपायहरू र संरक्षण |
| १९ | नगरक्षेत्रका सांस्कृतिक सम्पदाहरू | –सांस्कृतिक सम्पदाको नाम | –सांस्कृतिक सम्पदाको परिचय | –सांस्कृतिक सम्पदा मनाइने समय र स्थानहरू | –सांस्कृतिक सम्पदाको पर्यटकीय महत्व, विशेषता र सम्भावनाहरू | –सांस्कृतिक सम्पदा भ्रमणका फाइदाहरू<br>–प्रबर्द्धनका उपायहरू र संरक्षण |
| २० | नगरक्षेत्रका प्राकृतिक सम्पदा तथा स्थलहरू | –प्राकृतिक सम्पदा तथा स्थलहरूका नाम | –प्राकृतिक सम्पदा तथा स्थलहरूको परिचय | –प्राकृतिक सम्पदा तथा स्थलहरू पुग्ने बाटोघाटो र समय | –प्राकृतिक सम्पदा तथा स्थलहरूको पर्यटकीय महत्व, विशेषता र सम्भावनाहरू | –प्राकृतिक सम्पदा तथा स्थलहरूको भ्रमणका फाइदाहरू<br>–प्रबर्द्धनका उपायहरू |

# १०. स्थानीय विषय (कक्षा १-३) को सिकाइ उपलब्धि/विषयवस्तु विस्तृतीकरण

| क्षेत्र | कक्षा १ | | | कक्षा २ | | | कक्षा ३ | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | पाठ्य भार | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | पाठ्य भार | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | पाठ्यभार |
| | | | | | **(अ) साधारण खण्ड** | | | | |
| १. बेनी नगरपालिका को परिचय | –आफू बसेको ठाउँको नाम बताउन<br>–आफू बसेको वडा नं बताउन<br>–आफू बसेको नगरपालिकाको नाम बताउन | –आफू बसेको गाउँको नाम<br>–टोलको नाम<br>–वडा नम्बर<br>–नगरपालिकाको नाम | ५ | –नगरपालिकाभित्रका वडा सङ्ख्या बताउन<br>–नगरपालिकाभित्रका प्रमुख वस्तीहरूको नाम बताउन<br>– प्रमुख वस्तीहरूको सामान्य परिचय दिन | –वडा सङ्ख्या<br>–नगरपालिकाभित्रका वस्ती, गाउँ, बजारको नाम र जानकारी<br>–ती वस्तीहरूको सामान्य परिचय | ८ | –नगरपालिकाको सिमाना बताउन<br>– नगरपालिकाका वडाहरूको सिमानामा भएका वस्तीहरूको नाम बताउन<br>–नगरपालिकाभित्र रहेका सङ्घसंस्थाहरूको नाम बताउन | –नगरपालिकाकृ सिमानामा रहेका ठाउँहरू र पालिकाहरू<br>–नगरपालिकाभित्रका सङ्घसंस्थाहरू जस्तैः रेडक्रस, स्वास्थ्य चौकी आदि | ८ |
| २. नगरक्षेत्रको कृषि | –वरिपरि हुने खेतीपातीको नाम बताउन<br>–माछाको परिचय दिन | –धानखेती, मकैखेती, गहुँखेती, कोदोखेती आदि<br>–माछाको परिचय, माछाका अङ्गहरू | १४ | –नगदेबालीको नाम बताउन<br>–खाद्यान्नबालीको नाम बताउन<br>–नगदेबाली र खाद्यान्नबालीबीच भिन्नता छुट्याउन<br>–माछाका प्रकारहरू बताउन | –वरिपरि उत्पादन हुने नगदेबालीहरू जस्तैः तोरी, खुर्सानी, सिमी, मुला, उखु, अलैंची आदि<br>–वरिपरि उत्पादन हुने खाद्यान्नबालीहरू जस्तै धान, गहुँ, मकै, कोदो आदि<br>–भिँगे माछा, असला माछा, भुरा माछा आदि | १४ | –नगदेबाली लगाइने स्थानको नाम बताउन<br>–खाद्यान्नबाली लगाइने स्थानको नाम बताउन<br>–माछा पाइने स्थान वा माछापालन गरिने क्षेत्रहरूको नाम बताउन | –नगदेबाली उत्पादन हुने स्थानहरू<br>–खाद्यान्नबाली उत्पादन हुने स्थानहरू<br>–माछा पाइने स्थान पोखरी, नदी, ताल आदि<br>–माछापालन गरिने क्षेत्र सिङ्गा, तातोपानी, गलेश्वर आदि | १४ |
| ३. नगरक्षेत्रका पशुपन्छी | –वरिपरिका पशुपन्छीहरूको नाम बताउन | –पशुपन्छीहरू जस्तैः गाई, भैंसी, चितुवा, स्याल, हाँस, कुखुरा, भँगेरा, ढुकुर, आदि | १४ | –घरपालुवा पशुपन्छीको पहिचान गर्न<br>–जङ्गली पशुपन्छीको पहिचान गर्न<br>–ती दुईबीचको फरक छुट्याउन | –घरपालुवा पशुपन्छीहरूको सूची<br>–जङ्गली पशुपन्छीहरूको सूची र तिनको फरक | १६ | –घरपालुवा पशुपन्छी पालिने स्थानको बारेमा बताउन<br>–जङ्गली पशुपन्छी पाइने स्थानको बारेमा बताउन | –घरपालुवा पशुपन्छीहरू पालिने ठाउँहरू<br>–जङ्गली पशुपन्छीहरू रहने ठाउँहरू | १६ |
| ४. नगरक्षेत्रको व्यापार व्यवसाय र उद्योग | –आफ्नो वरिपरिका व्यापारव्यवसाय र उद्योगहरूको नाम बताउन | –आफ्नो वरिपरि सञ्चालन भएका पसल, व्यापार, उद्योग व्यवसायहरू जस्तैः किराना पसल, कपडा | ८ | –नगरपालिकाभित्रका उद्योग, व्यापार व्यवसायको परिचय दिन | –नगरपालिकाभित्रका उद्योग व्यवसायहरू जस्तैः फर्निचर उद्योग, क्रसरउद्योग, ब्लक उद्योग आदिको | ८ | –उद्योग व्यवसाय भएका प्रमुख स्थानहरूको नाम बताउन<br>–प्रमुख व्यापारिक | –उद्योग रहेका स्थानहरूको जानकारी<br>–व्यापार हुने स्थलहरूको जानकारी | ८ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पसल, फर्निचर उद्योग, ब्लक उद्योग, क्रसर उद्योग, आरन आदि | | | जानकारी<br>–व्यापार र पसलहरूको जानकारी | | केन्द्रहरूको नाम बताउन | | |
| ५. नगरक्षेत्रका धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थलहरू र प्राकृतिक सम्पदाहरू | –आफ्नो वरिपरिका धार्मिक–ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थलहरूको नाम बताउन<br>–आफ्नो वरिपरिका प्राकृतिक सम्पदाहरूको नाम बताउन | –वरिपरिका धार्मिक–ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थलहरू जस्तैः गलेश्वर, जगन्नाथ, पुलहाश्रम, बेनी शिवालय, गुफा राममन्दिर आदि<br>–वरिपरिका सांस्कृतिक-ऐतिहासिक स्थलहरू जस्तैः ढोल्ठान दरबार, महारानीस्थान, बेनी कोटभण्डार, ज्यामरुककोट आदि<br>–वरिपरिका प्राकृतिक सम्पदाहरू जस्तैः स्वर्गाश्रम, बेलढुङ्गा तातोपानी कुण्ड, गलेश्वर शिला, रघुगङ्गा, म्याग्दी नदी, कालीगण्डकी नदी आदि | १२ | –नगरपालिकाभित्रका धार्मिक–ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थलहरूको अवस्थिति बताउन<br>–नगरपालिकाभित्रका प्राकृतिक सम्पदाहरूको अवस्थिति बताउन | –धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थलहरूको अवस्थिति जस्तैः ठाउँ, दिशा<br>–प्राकृतिक सम्पदाहरूको अवस्थिति जस्तैः ठाउँ, दिशा | १२ | –धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थलहरूको परिचय दिन<br>–प्राकृतिक सम्पदाहरूको परिचय दिन । | –धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थलहरूको परिचय, नामकरण र सामान्य इतिहास<br>–प्राकृतिक सम्पदाहरूको परिचय, नामकरण र सामान्य इतिहास | १२ |
| ६. नगरक्षेत्रका भाषा, धर्म, संस्कृति, र आचरण | –विभिन्न जातजातिको नाम बताउन<br>–विभिन्न भाषाहरूको नाम बताउन<br>–विभिन्न धर्मसंस्कृतिको नाम बताउन<br>–आचरणको परिचय दिन | –नगरपालिकाभित्र बसोबास गर्ने जातजातिहरू जस्तैः ब्राह्मण, क्षेत्री, मगर, दमाइ, कामी, सार्की, नेवार, थकाली, छन्त्याल, गुरुङ जाति आदि<br>–नगरपालिकाभित्र बोलिने भाषाहरू जस्तैः नेपाली, नेवारी, छन्त्याल, थकाली भाषा आदि<br>–नगरपालिकाभित्रको धर्मसंस्कृति जस्तैः हिन्दू, बौद्ध, मुस्लिम, इसाइ, | १६ | –जातिगत बसोबास गर्ने क्षेत्रको नाम बताउन<br>–भाषागत बसोबास गर्ने क्षेत्रको नाम बताउन<br>–विभिन्न धर्मसंस्कृतिको बारेमा बताउन<br>–असल आचरणहरू पहिचान गरी बताउन | –जातिगत बसोबास गर्ने प्रमुख क्षेत्र जस्तैः<br>ब्राह्मण क्षेत्रीः अर्थुङ्गे, ज्यामरुककोट, पुलाचौर, जामुनाखर्क, बगरफाँट, पातलेखेत, सिँगा, रत्नेचौर<br>नेवारः बेनी, पुलाचौर, घतान, तातोपानी<br>छन्त्यालः बेनी, भकिम्ली<br>मगरः बेनी, भकिम्ली, अर्जम, घतान, पातलेखेत<br>दमाइ, कामी, सार्की : अर्थुङ्गे, ज्यामरुककोट, | १६ | –नगरपालिकाभित्र बोलिने भाषाहरूको परिचय दिन<br>–नगरपालिकाभित्र मनाइने चाडपर्वहरूको नाम बताउन<br>–नगरपालिकाभित्र व्यक्त गरिने असल आचरणहरू बताउन | –नगरपालिकाभित्र बोलिने भाषाहरू जस्तै, नेपाली, नेवारी, गुरुङ, थकाली, मगर आदि<br>-नगरपालिकाभित्र मनाइने चाडपर्वहरू जस्तैः दसैं, तिहार, जनैपूर्णिमा, म्हपूजा, कृष्ण जन्माष्टमी, फागुपूर्णिमा, माघेसङ्क्रान्ति, चैतेदसैं, बालाचतुर्दशी आदि<br>–असल आचरणहरू जस्तैः आदरसत्कार, माया, अनुशासन, मेलमिलाप, सहिष्णुता | १६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | पोसाक, नाच आदि<br>–राम्रा बानीव्यहोराहरू जस्तै, आदरसत्कार, माया, अनुशासन आदि | | | पुलाचौर, जामुनाखर्क, बगरफाँट, पातलेखेत, सिँगा, रत्नेचौर<br>–भाषागत बसोबास गर्ने प्रमुख क्षेत्र जस्तैः नेपाली : अर्थुङ्गे, ज्यामरुककोट, पुलाचौर, जामुनाखर्क, बगरफाँट, पात्लेखेत, सिँगा, रत्नेचौर, भकिम्ली, तातोपानी, भिरमुनी<br>नेवारी : बेनी<br>छन्त्याल : भकिम्ली, बेनी<br>–धर्मसंस्कृतिको परिचय<br>–राम्रा आचरणका अभ्यासहरू | | | | |
| ७. नगरक्षेत्रमा प्रयोग गरिने स्थानीय प्रविधि र परम्परागत सामग्रीहरू | –स्थानीय प्रविधिको नाम बताउन<br>–परम्परागत सामग्रीहरूको नाम बताउन | –स्थानीय प्रविधिहरू जस्तैः ढिकी, जाँतो, ओखल, पानीघट्ट, कोल, चमच्चा, आदि<br>–परम्परागत सामग्रीहरू जस्तैः ठेकी, चौंठी, आरी, मुदुस, भ्याप, डोको, सेउ, थुन्से, बौचो, बास्सा आदि | ८ | –स्थानीय प्रविधिहरूको परिचय दिन<br>-परम्परागत सामग्रीहरूको परिचय दिन | –स्थानीय प्रविधिको परिचयः बनावट<br>–परम्परागत सामग्रीहरूको परिचयः बनावट | ८ | –स्थानीय प्रविधिको प्रयोगबारे बताउन<br>–परम्परागत सामग्रीको प्रयोग बारे बताउन<br>–कच्चा पदार्थहरू पहिचान गर्न | –स्थानीय प्रविधिको प्रयोग<br>–परम्परागत सामग्रीहरूको प्रयोग<br>–स्थानीय प्रविधि र परम्परागत सामग्रीहरूको निर्माण गर्न आवश्यक कच्चा पदार्थहरू | ८ |
| **(आ) ऐच्छिक खण्ड** | | | | | | | | | |
| **(क) व्यावसायिक क्षेत्र (कुनै तीनवटा छनौट गर्ने** | | | | | | | | | |
| ८.नगरक्षेत्रको तरकारी खेती | –वरिपरि फल्ने तरकारीका नामहरू बताउन<br>–व्यावसायिक तरकारी खेती पहिचान गर्न | –वरिपरिका तरकारीहरू जस्तैः आलु, सिमी, काउली, बन्दा, साग, करेला आदि<br>–खुला तरकारी खेती<br>–टनेल तरकारी खेती | १६ | –व्यावसायिक तरकारी खेतीको परिचय दिन<br>–व्यावसायिक तरकारीका किसिमहरू बताउन | –व्यावसायिक तरकारी खेतीको परिचय<br>–वर्षे तरकारीहरू<br>–हिउँदे तरकारीहरू<br>–बेमौसमी तरकारी<br>–जरामा फल्ने तरकारी<br>–टुप्पा खाने तरकारी | १६ | –व्यावसायिक तरकारी खेती हुने स्थानको नाम बताउन<br>–अर्गानिक तरकारी खेतीको सामान्य परिचय दिन | –व्यावसायिक तरकारी उत्पादन हुने क्षेत्रहरू<br>–अर्गानिक खेतीको परिचय<br>–अर्गानिक मल र रासायनिक मलको परिचय | १६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | –बोटमा फल्ने तरकारी<br>–झालमा फल्ने तरकारी<br>–सागजन्य तरकारी | | | | |
| ९. नगरक्षेत्रको फलफूल खेती | –वरिपरि फल्ने फलफूलका नाम बताउन<br>–व्यावसायिक फलफूल खेती पहिचान गर्न | –वरिपरिका फलफूलहरू जस्तैः आँप, केरा, सुन्तला, अम्बा(बेलाउती) आदि<br>–व्यावसायिक फलफूल खेती | १६ | –व्यावसायिक फलफूल खेतीको परिचय दिन<br>–व्यावसायिक फलफूल खेतीका किसिमहरू बताउन | –व्यावसायिक फलफूल खेतीको परिचय<br>–मौसमी फलफूल<br>–बेमौसमी फलफूल<br>–विभिन्न फलफूल फल्ने समय | १६ | –व्यावसायिक फलफूल खेती हुने क्षेत्र पहिचान गर्न<br>–अर्गानिक फलफूलको परिचय दिन | –व्यावसायिक फलफूल खेती हुने क्षेत्रहरू (बाँसखर्क : सुन्तला, भकिम्ली: किवी,<br>–अर्गानिक फलफूल खेतीको परिचय<br>–अर्गानिक मल | १६ |
| १०. नगरक्षेत्रको टिमुर खेती | –टिमुरको परिचय दिन<br>–व्यावसायिक टिमुर खेती पहिचान गर्न | –टिमुरको परिचयः बोट, दाना आदि ।<br>–व्यावसायिक टिमुर खेती | १६ | –व्यावसायिक टिमुर खेतीको परिचय दिन<br>–व्यावसायिक टिमुर खेतीयोग्य क्षेत्रको नाम बताउन | –व्यावसायिक टिमुर खेतीको परिचय<br>–व्यावसायिक टिमुर खेतीयोग्य क्षेत्र, जस्तैः तोरीपानी, नेप्टेचौर, गुफा–नेपाने | १६ | –टिमुर सेवनका फाइदाहरू बताउन<br>–टिमुरको प्रयोगबारे बताउन<br>–टिमुरको प्रयोगको मात्रा पहिचान गर्न<br>–टिमुरको प्रयोगमा सावधानी अपनाउन | –टिमुर सेवनका फाइदाहरू<br>–टिमुरको प्रयोग हुने चिजहरू<br>–टिमुरको प्रयोगको मात्रा<br>–टिमुरको प्रयोगमा अपनाउनुपर्ने सावधानी | १६ |
| ११. नगरक्षेत्रको कुखुरापालन | –कुखुराको परिचय दिन<br>–अण्डाको परिचय दिन<br>–व्यावसायिक कुखुरापालनको पहिचान गर्न | –कुखुराको परिचय<br>–अण्डाको परिचय<br>–अण्डाका परिकार<br>–व्यावसायिक कुखुरा फार्म | १६ | –व्यावसायिक कुखुरापालनको परिचय दिन<br>–कुखुराका जातहरू पहिचान गर्न | –व्यावसायिक कुखुरापालनको अर्थ<br>–कुखुराका विभिन्न जातहरू जस्तैः स्थानीय, ब्रोइलर, क्रोइलर, गिरिराज आदि | १६ | –व्यावसायिक कुखुरापालन गर्ने क्षेत्रको नाम बताउन<br>–कुखुरापालनका लागि आवश्यक पर्ने सामग्रीहरू बारे बताउन | –व्यावसायिक कुखुरापालनको क्षेत्रहरूको नाम<br>– कुखुरापालनका लागि आवश्यक पर्ने सामग्रीहरू जस्तैः फर्म, दाना, भाँडाकुँडा, अण्डाका क्रेट आदि | १६ |
| १२. नगरक्षेत्रको गाइभैंसीपालन | –गाइभैंसीको परिचय दिन<br>–व्यावसायिक गाईभैंसी पालन पहिचान गर्न | –गाईको परिचय<br>–भैंसीको परिचय<br>–व्यावसायिक गाईभैंसी फार्म | १६ | –व्यावसायिक गाईभैंसीपालनको परिचय दिन<br>–गाईभैंसीका जातहरू पहिचान गर्न | –व्यावसायिक गाईभैंसीपालनको परिचय<br>–गाइका जातहरू ( स्थानीय, विकासे, जर्सी<br>–भैंसीका जातहरू ( स्थानीय, बिकासे, मुर्रा) | १६ | –व्यावसायिक गाईभैंसीपालन गर्ने क्षेत्रको नाम बताउन<br>– गाईभैंसीपालनका लागि आवश्यक पर्ने सामग्रीहरू बारे बताउन | –व्यावसायिक गाईभैंसीपालन गर्ने क्षेत्रहरू<br>– गाईभैंसीपालनका लागि आवश्यक पर्ने सामग्रीहरू ( गोठ, घाँस, दाना, भाँडाकुँडा आदि) | १६ |
| १३.नगरक्षेत्रको बाखापालन | –बाखाको परिचय दिन<br>–व्यावसायिक बाखापालन पहिचान | –बाखाको परिचय<br>–व्यावसायिक बाखाफार्म | १६ | –व्यावसायिक बाखापालनको परिचय दिन<br>–बाखाका जातहरू पहिचान गर्न | –व्यावसायिक बाखा पालनको परिचय<br>–बाखाका जातहरू (स्थानीय, विकासे | १६ | –व्यावसायिक बाखापालन गर्ने क्षेत्रको नाम बताउन<br>–बाखापालनका लागि आवश्यक पर्ने | –व्यावसायिक बाखापालन गर्ने क्षेत्रहरू<br>– बाखापालनका लागि आवश्यक पर्ने सामग्रीहरू ( | १६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | गर्न | | | | जमुनापारी, लामकाने आदि) | | सामग्रीहरूबारे बताउन | खोर, घाँस, दाना, भाँडाकुँडा आदि) | |
| १४. नगरक्षेत्रको बङ्गुरपालन | –बङ्गुरको परिचय दिन<br>–व्यावसायिक बङ्गुरपालन पहिचान गर्न | –बङ्गुरको परिचय<br>–व्यावसायिक बङ्गुरफार्म | १६ | –व्यावसायिक बङ्गुरपालनको परिचय दिन<br>–बङ्गुरका जातहरू पहिचान गर्न | –व्यावसायिक बङ्गुरपालनको परिचय<br>–बङ्गुरका जातहरू | १६ | –व्यावसायिक बङ्गुरपालन गर्ने क्षेत्रको नाम बताउन<br>–बङ्गुरपालनका लागि आवश्यक पर्ने सामग्रीहरू बारे बताउन | –व्यावसायिक बङ्गुरपालन गर्ने क्षेत्रहरू<br>–बङ्गुरपालनका लागि आवश्यक पर्ने सामग्रीहरू ( खोर, दाना, भाँडाकुँडा आदि) | १६ |
| १५. नगरक्षेत्रको मौरीपालन | – मौरीको परिचय दिन<br>– व्यावसायिक मौरीपालन पहिचान गर्न | – मौरीको परिचय<br>– व्यावसायिक मौरीपालन | १६ | –व्यावसायिक मौरीपालनको परिचय दिन<br>–मौरीका जातहरू पहिचान गर्न | –व्यावसायिक मौरी पालनको परिचय<br>–मौरीका जातहरू ( ऐपिस सेराना, कठ्यौरी, पातेमौरी आदि) | १६ | –व्यावसायिक मौरीपालन गर्ने क्षेत्रको नाम बताउन<br>–मौरीपालनका लागि आवश्यक पर्ने सामग्रीहरू बारे बताउन | –व्यावसायिक मौरीपालन गर्ने क्षेत्रहरू<br>–मौरीपालनका लागि आवश्यक पर्ने सामग्रीहरू ( घार, चौकोस, सुपरकक्ष, महमदानी, टोपी, पन्जा आदि) | १६ |
| १६ . नगरक्षेत्रको घरेलु उद्योग तथा व्यापारव्यवसाय | –वरिपरिका घरेलु उद्योगको नाम बताउन<br>–वरिपरिका व्यापार व्यवसायहरू पहिचान गर्न | –वरिपरि चलेका घरेलु उद्योगहरू (मिल, कपडा, सिलाइ कटाई, मैनबत्ती आदि)<br>–वरिपरिका व्यापारव्यवसायहरू किराना सामग्रीको व्यापार, औषधि व्यापार, कपडा व्यायार, तरकारी व्यापार, स्थानीय सामग्री व्यापार आदि | १६ | –नगरपालिकाभित्र चलेका घरेलु उद्योगहरूको परिचय दिन<br>–नगरपालिकाभित्र चलेका व्यापार व्यवसायहरूको परिचय दिन । | –नगरपालिकाभित्र चलेका घरेलु उद्योगहरूको परिचय ( मिलको परिचय, तानको परिचय, सिलाइकटाइको परिचय, मैनबत्ती उद्योगको परिचय आदि)<br>–नगरपालिकाभित्रका थोक व्यापार, खुद्रा व्यापार, खरिदबिक्री | १६ | –घरेलु उद्योगका लागि आवश्यक कच्चा पदार्थहरूको नाम बताउन<br>–घरेलु उद्योगबाट उत्पादिन सामग्रीहरूको नाम बताउन<br>–व्यापारव्यवसायका क्षेत्रहरू पहिचान गर्न | –घरेलु उद्योगका लागि आवश्यक कच्चा पदार्थहरू ( धागो, बाँस, कपडा, अन्न, मसला आदि)<br>–घरेलु उद्योगबाट उत्पादिन सामग्रीहरूको नाम (चामल, डोको, पिठो, मसला, झोला, सुइटर आदि)<br>–मुख्य व्यापारिक क्षेत्रहरू जस्तै, बेनी, पुलाचौर गलेश्वर | १६ |
| **(ख) पर्यटन क्षेत्र (कुनै दुईवटा छनौट गर्ने)** | | | | | | | | | |
| १७.नगरक्षेत्रका ऐतिहासिक सम्पदा/स्थल | –नगरक्षेत्रका ऐतिहासिक सम्पदा/स्थलहरूको पहिचान गर्न | –नगरक्षेत्रका ऐतिहासक सम्पदा/स्थलहरू : बेनी, ज्यामरुककोट, पुला, ढोलठान आदि | १६ | –ऐतिहासिक सम्पदा/स्थलहरूको परिचय दिन | –ऐतिहासिक सम्पदा/स्थलहरूको परिचय (प्राचीनता, विकास, वर्तमान अवस्था आदि) | १६ | –ऐतिहासिक सम्पदा/स्थलमा पुग्ने साधन, बाटोघाटो र समयबारेमा बताउन | –ऐतिहासिक सम्पदा/स्थलहरूमा पुग्ने बाटोघाटो (गोडेटो, घोडेटो, कच्ची/पक्की मोटरबाटो<br>–ऐतिहासिक सम्पदा/स्थलहरूमा पुग्ने दुरी र समय<br>–ऐतिहासिक सम्पदा/स्थलहरूमा पुग्ने साधन | १६ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १८. नगरक्षेत्रका धार्मिक सम्पदा/स्थल | –नगरक्षेत्रका धार्मिक सम्पदा/स्थलहरूको पहिचान गर्न | –नगरक्षेत्रका धार्मिक सम्पदा/स्थलहरू (मठमन्दिरहरू)<br>–गलेश्वरधाम, पुलस्त्य-पुलहाश्रम, जगन्नाथधाम, महारानी थान, भर्तिमुक्तेश्वर शिवालय, बलमुक्तेश्वर शिवालय, बुद्धविहार, गुफा राममन्दिर, कालिका मन्दिर आदि | १६ | –धार्मिक सम्पदा/स्थलहरूको परिचय दिन | –धार्मिक सम्पदा/स्थलहरूको परिचय (प्राचीनता, विकास, वर्तमान अवस्था आदि) | १६ | –धार्मिक सम्पदा/स्थलमा पुग्ने साधन, बाटोघाटो र समयबारेमा बताउन | –धार्मिक सम्पदा/स्थलहरूमा पुग्ने बाटोघाटो (गोरेटो, घोडेटो, कच्ची/पक्की मोटरबाटो)<br>–धार्मिक सम्पदा/स्थलहरूमा पुग्ने दुरी र समय<br>–धार्मिक सम्पदा/स्थलहरूमा पुग्ने साधन | १६ |
| १९. नगरक्षेत्रका सांस्कृतिक सम्पदाहरू | –नगरक्षेत्रका सांस्कृतिक सम्पदाहरूको पहिचान गर्न | –नगरक्षेत्रका सांस्कृतिक सम्पदाहरू : –चाडबाड (बुद्धजयन्ती, तिज, दसैं, तिहार, इद, म्ह पूजा, तमु ल्होसार, वसन्तपञ्चमी, फागूपूर्णिमा, चैतेदशैं आदि)<br>–नाचगानहरू(नौमती नाच, भजन नाच लाखेनाच, सोरठीनाच आदि)<br>–मेलापर्वहरू (बडादशैं मेला, गलेश्वर मेला, माघेसङ्क्रान्ति मेला, हरेलोमेला फागुमेला आदि) | १६ | –सांस्कृतिक सम्पदाहरूको परिचय दिन<br>–संस्कारको परिचय दिन | –सांस्कृतिक सम्पदहरूको परिचय (चाडपर्वको परिचय, मेलापर्वको परिचय, पूजाआजाको परिचय, भेषभूषाको परिचय )<br>–संस्कारको परिचय | १६ | –सांस्कृतिक सम्पदाहरू मनाइने समयको बारेमा बताउन<br>–सांस्कृतिक सम्पदाहरू मनाइने स्थानको बारेमा बताउन | –सांस्कृतिक सम्पदाहरू मनाइने समय (लाखेनाचः तीजको समयमा, रोपाइँनाचः बर्खामा, मेलाहरूः विशेष चाडबाडमा आदि)<br>–सांस्कृतिक सम्पदाहरू मनाइने स्थानको बारेमा बताउन (लाखेनाच रोपाइँ नाचः बेनीबजार, मेलापर्वहरूः नगरपालिकाका विभिन्न स्थानहरूमा) | १६ |
| २०. नगरक्षेत्रका प्राकृतिक सम्पदा तथा स्थलहरू | –नगरक्षेत्रका प्राकृतिक सम्पदा तथा स्थलहरूको पहिचान गर्न | –नगरक्षेत्रका प्राकृतिक सम्पदा तथा स्थलहरू : जङ्गल, जमिन, जल (मूल छहरा, नदीनाला आदि)<br>–तातोपानी कुण्ड | १६ | –प्राकृतिक सम्पदा तथा स्थलहरूको परिचय दिन | –प्राकृतिक सम्पदा तथा स्थलहरूको परिचय ( प्राचीनता, विकास, वर्तमान अवस्था आदि) | १६ | –प्राकृतिक सम्पदा तथा स्थलहरूमा पुग्ने साधन, बाटोघाटो र समयबारेमा बताउन | –प्राकृतिक सम्पदा तथा स्थलहरूमा पुग्ने बाटोघाटो ( गोरेटो, घोडेटो, कच्ची/पक्की मोटरबाटो)<br>–प्राकृतिक सम्पदा तथा स्थलहरूमा पुग्ने दुरी र समय<br>–प्राकृतिक सम्पदा तथा स्थलहरूमा पुग्ने साधन | १६ |

# ११. स्थानीय विषय (कक्षा ४–५) को सिकाइ उपलब्धि/विषयवस्तु विस्तृतीकरण

| क्षेत्र | कक्षा ४ | | | कक्षा ५ | | |
|---|---|---|---|---|---|---|
| | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | पाठ्य भार | सिकाइ उपलब्धि | विषयवस्तु विस्तृतीकरण | पाठ्य भार |
| | | | **(अ) साधारण खण्ड** | | | |
| १. नगरपालिकाको परिचय | –नगरपालिकाको क्षेत्रफल बताउन<br>–नगरपालिकाको जनसङ्ख्या बताउन<br>–नगरकार्यपालिकाका सदस्यहरू बताउन | –नगरपालिकाको क्षेत्रफल<br>–नगरपालिकाको जनसङ्ख्या<br>–नगरकार्यपालिकाको गठन विधि र सङ्ख्या | ६ | –नगरपालिकाका अङ्गहरू बताउन<br>–नगरपालिकाका कार्यहरू बताउन<br>–नगरपालिकाका कार्यालयहरूको नाम बताउन | –नगरकार्यपालिका<br>–न्यायिकपरिषद्<br>–नगरपरिषद्<br>–नगरपालिकाका कार्यहरू<br>–नगरपालिका अन्तरगतका कार्यालयहरू | ६ |
| २. नगरक्षेत्रको कृषि | –नगदेबाली योग्य जमिनको पहिचान गर्न<br>–खाद्यान्नबाली योग्य जमिनको पहिचान गर्न<br>अर्गानिक कृषिको परिचय दिन<br>–माछापालनका तरिकारहरू बताउन | –नगदेबालीयोग्य जमिन जस्तैः ओसिलो, बलौटे, दुमोट आदि<br>–खाद्यान्नबाली योग्य जमिन जस्तै : बलौटे, दुमोट, ओसिलो आदि<br>–माछापालनका विभिन्न तरिकाहरू | १२ | –बालीका उपायोगिता बताउन<br>–अर्गानिक कृषिको परिचय दिन<br>–अर्गानिक कृषिको महत्व बताउन<br>–माछा सेवनका फाइदाहरू बताउन | –नगदेबालीको उपयोगिता<br>–खाद्यान्नबालीको उपयोगिता<br>–अर्गानिक कृषिका फाइदा र बेफाइदाहरू<br>–माछा सेवनका फाइदाहरू | १२ |
| ३. नगरक्षेत्रका पशुपन्छी | –घरपालुवा पशुपन्छीको आवश्यकता बताउन<br>–जङ्गली पशुपन्छीको महत्व बताउन | –घरपालुवा पशुपन्छीहरूको आवश्यकता<br>–जङ्गली पशुपन्छीहरूको महत्व | १२ | –घरपालुवा पशुपन्छीको उपयोगिता बताउन<br>–जङ्गली पशुपन्छीको उपयोगिता बताउन | –घरपालुवा पशुपन्छीको उपयोगिता<br>–जङ्गली पशुपन्छीको संरक्षण गर्ने उपायहरू | १२ |
| ४. नगरक्षेत्रको व्यापार व्यवसाय र उद्योग | –व्यापारका किसिमहरू बताउन<br>–व्यवसायका किसिमहरू बताउन<br>–उद्योगका किसिमहरू बताउन | –व्यापारको प्रकृति, जस्तै स्थानीय व्यापार, बाह्य व्यापार, थोक व्यापार, खुद्रा व्यापार<br>–निर्माण व्यवसाय, होटल व्यवसाय, पर्यटन व्यवसाय आदि<br>–उद्योगको प्रकृति वा किसिम जस्तैः साना उद्योग, मझौला उद्योग, ठूला उद्योग | ६ | –व्यापारको आवश्यकता औंल्याउन<br>–व्यवसायका स्रोतहरू पहिचान गर्न<br>–उद्योगका लागि आवश्यक कच्चा पदार्थको बारेमा बताउन | –व्यापारको आवश्यकता<br>–व्यवसाय गर्न आवश्यक स्रोत जस्तैः स्थान, अर्थ, पुँजी, जनशक्ति आदि<br>–उद्योगका लागि आवश्यक कच्चा पदार्थ, जस्तैः बाँस, काठ, सिमेन्ट, बालुवा, ढुङ्गा आदि | ६ |
| ५. नगरक्षेत्रका धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थलहरू र प्राकृतिक | –धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थलहरूको विशेषता र महत्व बताउन<br>–प्राकृतिक सम्पदाहरूको विशेषता र महत्व बताउन | –धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थलहरूको विशेषता र महत्व<br>–प्राकृतिक सम्पदाहरूको विशेषता र महत्व | ९ | –धार्मिक-ऐतिहासिक, सांस्कृतिक-ऐतिहासिक स्थलहरूको संरक्षणका उपायहरू बताउन<br>–प्राकृतिक सम्पदाहरूको संरक्षणका उपायहरू बताउन | –धार्मिक-ऐतिहासक, सांस्कृतिक-ऐतिहासिक स्थलहरूको संरक्षणका उपायहरू जस्तैः घेराबार, मर्मतसम्भार<br>–प्राकृतिक सम्पदाहरूको संरक्षणका उपायहरू जस्तैः घेराबार, मर्मतसम्भार | ९ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| सम्पदाहरू | | | | | | |
| ६. नगरक्षेत्रका भाषा, धर्म, संस्कृति र आचरण | –भाषाका विशेषताहरू बताउन<br>–धर्मसंस्कृतिका विशेषताहरू बताउन<br>–असल आचरणका फाइदाहरू बताउन | –भाषाका विशेषताहरू<br>–धर्मसंस्कृतिका विशेषताहरू<br>–असल आचरणबाट हुने फाइदाहरू | १२ | –भाषाको संरक्षण गर्ने उपायहरू बताउन<br>–धार्मिक-सांस्कृतिक सहिष्णुताको अर्थ र महत्व बताउन<br>–धर्मसंस्कृति संरक्षण गर्ने उपायहरू बताउन<br>–असल आचरण प्रबर्द्धन गर्ने उपायहरू बताउन | –भाषाको संरक्षण गर्ने उपायहरू<br>–धार्मिक-सांस्कृतिक सहिष्णुताको अर्थ र महत्व<br>–धर्मसंस्कृति संरक्षण गर्ने उपायहरू<br>–असल आचरण प्रबर्द्धन गर्ने उपायहरू | १२ |
| ७. नगरक्षेत्रमा प्रयोग गरिने स्थानीय प्रविधि र परम्परागत सामग्रीहरू | –स्थानीय प्रविधिको उपयोगिता र महत्व बताउन<br>–परम्परागत सामग्रीहरूको उपयोगिता र महत्व बताउन | –स्थानीय प्रविधिको उपयोगिता र महत्व<br>–परम्परागत सामग्रीहरूको उपयोगिता र महत्व | ६ | –स्थानीय प्रविधिको संरक्षण गर्ने उपायहरू बताउन<br>–परम्परागत सामग्रीहरूको संरक्षण गर्ने उपाय बताउन | –स्थानीय प्रविधिको संरक्षण गर्ने उपायहरू<br>–परम्परागत सामग्रीहरूको संरक्षण गर्ने उपायहरू | ६ |
| **(आ) ऐच्छिक खण्ड** | | | | | | |
| **(क) व्यावसायिक क्षेत्र** | | | | | | |
| ८. नगरक्षेत्रको तरकारी खेती | –व्यावसायिक तरकारी खेतीको उपयोगिता र महत्व बताउन<br>–अर्गानिक तरकारीका फाइदाहरू बताउन<br>–रासायनिक मल प्रयोगका फाइदा र बेफाइदाहरू बताउन<br>–तरकारी खेतीको सम्भाव्यताबारे बताउन । | –व्यावसायिक तरकारी खेतीको उपयोगिता र महत्व<br>–अर्गानिक तरकारीका फाइदाहरू<br>–रासायनिक मल प्रयोगका फाइदा र बेफाइदाहरू<br>–तरकारी खेतीका सम्भावनाहरू | १३ | –व्यावसायिक तरकारी खेती गर्ने तरिका बताउन<br>–तरकारीमा लाग्ने रोग र किराहरूको पहिचान गर्न<br>–तरकारीमा लाग्ने रोग र किराहरूको रोकथाम गर्ने उपायहरू बताउन<br>–तरकारीको बजार पहिचान गर्न | –व्यावसायिक तरकारी खेती गर्ने तरिका<br>–तरकारीमा लाग्ने रोग र किराहरू<br>–तरकारीमा लाग्ने रोग र किराहरूको रोकथाम गर्ने उपायहरू<br>–तरकारीको बजार ( स्थानीय बजार र बाह्य बजार) | १३ |
| ९. नगरक्षेत्रको फलफूल खेती | –व्यावसायिक फलफूल खेतीको उपयोगिता र महत्व बताउन<br>–फलफूलको भण्डारण गर्ने तरिका बताउन<br>–फलफूल खेतीको सम्भाव्यता बारे बताउन । | –व्यावसायिक फलफूल खेतीको उपयोगिता<br>–व्यावसायिक फलफूल खेतीको महत्व<br>–फलफूलको सुरक्षित भण्डारण<br>–फलफूल खेतीका सम्भावनाहरू | १३ | –व्यावसायिक फलफूल खेती गर्ने तरिका बताउन<br>–फलफूलमा लाग्ने किरा तथा रोग पहिचान गर्न<br>–फलफूलमा लाग्ने रोगको रोकथामका उपाय बताउन<br>–फलफूल बिक्री बजार पहिचान गर्न | –व्यावसायिक फलफूल खेती गर्ने तरिका<br>–फलफूलमा लाग्ने किरा तथा रोग<br>–फलफूलमा लाग्ने रोगको रोकथामका उपायहरू<br>–फलफूल बिक्री बजार | १३ |
| १०. नगरक्षेत्रको टिमुर खेती | –व्यावसायिक टिमुर खेतीको उपयोगिता र महत्व बताउन<br>–टिमुरको प्रशोधन गर्ने तरिका बताउन<br>–टिमुर खेतीको सम्भाव्यताबारे बताउन । | –व्यावसायिक टिमुर खेतीको उपयोगिता र महत्व<br>–टिमुरको प्रशोधन गर्ने तरिका<br>–टिमुर खेतीका सम्भावनाहरू । | १३ | –व्यावसायिक टिमुर खेती गर्ने तरिका बताउन<br>–टिमुरमा लाग्ने किरा तथा रोग पहिचान गर्न<br>–टिमुरमा लाग्ने रोगको रोकथामका उपाय बताउन<br>–टिमुर बिक्री बजार पहिचान गर्न | –व्यावसायिक टिमुर खेती गर्ने तरिका<br>–टिमुरमा लाग्ने किरा तथा रोग<br>–टिमुरमा लाग्ने रोगको रोकथामका उपायहरू<br>–टिमुर बिक्री बजार | १३ |
| ११. नगरक्षेत्रको कुखुरापालन | –व्यावसायिक कुखुरापालनको उपयोगिता र महत्व बताउन | –व्यावसायिक कुखुरापालनको उपयोगिता | १३ | –व्यावसायिक कुखुरा पालन गर्ने तरिका बताउन | –व्यावसायिक कुखुरा पालन गर्ने तरिका<br>–कुखुरामा लाग्ने रोगहरू | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | –कुखुराको अण्डा र मासु भण्डारण गर्ने तरिका बताउन<br>–कुखुरापालनको सम्भाव्यताबारे बताउन । | –व्यावसायिक कुखुरापालनको महत्व<br>–अण्डा र मासु भण्डारण ( सुरक्षित स्थान, मासुको लागि तापक्रम आदि)<br>–कुखुरापालनका सम्भावनाहरू | | –कुखुरामा लाग्ने रोगको पहिचान गर्न<br>– कुखुरामा लाग्ने रोगको रोकथामका उपाय बताउन<br>–कुखुरा,अण्डा र मासु बिक्री बजार पहिचान गर्न | –कुखुरामा लाग्ने रोगको रोकथामका उपायहरू<br>–गुणस्तरीय दानाको प्रयोग<br>–कुखुरा,अण्डा र मासु बिक्री बजार | |
| १२. नगरक्षेत्रको गाइभैंसीपालन | –व्यावसायिक गाईभैंसीपालनको उपयोगिता र महत्व बताउन<br>–स्वस्थ दुधको परिचय दिन<br>– दुधको भण्डारण बारे बताउन<br>–गाइभैँसीपालनको सम्भाव्यताबारे बताउन । | –व्यावसायिक गाईभैंसीपालनको उपयोगिता र महत्व<br>–स्वस्थ दुधको परिचय<br>–दुधको प्रशोधन र भण्डारण<br>–गाइभैँसीपालनका सम्भावनाहरू | १३ | –व्यावसायिक गाईभैँसीपालन गर्ने तरिका बताउन<br>–गाईभैँसीमा लाग्ने रोगको पहिचान गर्न<br>–गाईभैंसीमा लाग्ने रोगको रोकथामका उपाय बताउन<br>–दुग्धजन्य पदार्थको बजार पहिचान गर्न | –व्यावसायिक गाईभैँसीपालन गर्ने तरिका<br>–गाईभैँसीमा लाग्ने रोगहरू<br>–गाईभैँसीमा लाग्ने रोगको रोकथामका उपाहरू<br>–दुग्धजन्य पदार्थको बजार (स्थानीय र बाह्य) | १३ |
| १३. नगरक्षेत्रको बाखापालन | –व्यावसायिक बाखापालनको उपयोगिता र महत्व बताउन<br>–स्वस्थ खसीबोकाको मासुका फाइदाहरू बताउन<br>–मासु भण्डारण बारे बताउन<br>–बाखापालनको सम्भाव्यताबारे बताउन । | –व्यावसायिक बाखापालनको उपयोगिता र महत्व<br>–स्वस्थ खसीबोकाको मासुका फाइदाहरू<br>–मासु भण्डारण<br>–बाखापालनका सम्भावनाहरू | १३ | –व्यावसायिक बाखापालन गर्ने तरिका बताउन<br>–बाखामा लाग्ने रोगको पहिचान गर्न<br>–बाखामा लाग्ने रोगको रोकथामका उपाय बताउन<br>–बाखा, खसीबोका तथा मासुजन्य पदार्थको बजार पहिचान गर्न | –व्यावसायिक बाखापालन गर्ने तरिका<br>–बाखामा लाग्ने रोगहरू<br>–बाखामा लाग्ने रोगको रोकथामका उपाहरू<br>–बाखा, खसीबोका तथा मासुजन्य पदार्थको बजार (स्थानीय र बाह्य) | १३ |
| १४. नगरक्षेत्रको बङ्गुरपालन | –व्यावसायिक बङ्गुरपालनको उपयोगिता र महत्व बताउन<br>–स्वस्थ बङ्गुरको मासुका फाइदाहरू बताउन<br>–मासु भण्डारण बारे बताउन<br>–बङ्गुरपालनको सम्भाव्यताबारे बताउन । | –व्यावसायिक बङ्गुरपालनको उपयोगिता र महत्व<br>–स्वस्थ बङ्गुरको मासुका फाइदाहरू<br>–मासु भण्डारण<br>–बङ्गुरपालनका सम्भावनाहरू | १३ | –व्यावसायिक बङगुरपालन गर्ने तरिका बताउन<br>–बङ्गुरमा लाग्ने रोगको पहिचान गर्न<br>–बङ्गुरमा लाग्ने रोगको रोकथामका उपाय बताउन<br>–मासुजन्य पदार्थको बजार पहिचान गर्न | –व्यावसायिक बङगुरपालन गर्ने तरिका<br>–बङ्गुरमा लाग्ने रोगहरू<br>–बङ्गुरमा लाग्ने रोगको रोकथामका उपायहरू<br>–बङ्गुर र बङ्गुरको मासुजन्य पदार्थको बजार (आन्तरिक र बाह्य) | १३ |
| १५. नगरक्षेत्रको मौरीपालन | –व्यावसायिक मौरीपालनको उपयोगिता र महत्व बताउन<br>–स्वस्थ महका फाइदाहरू बताउन<br>–मह प्रशोधन र भण्डारण बारे बताउन<br>–मौरीपालनको सम्भाव्यताबारे बताउन । | –व्यावसायिक मौरीपालनको उपयोगिता र महत्व<br>–स्वस्थ महका फाइदाहरू<br>–मह प्रशोधन र भण्डारण<br>–मौरीपालनका सम्भावनाहरू | १३ | –व्यावसायिक मौरीपालन गर्ने तरिका बताउन<br>–मौरीमा लाग्ने रोगको पहिचान गर्न<br>–मौरीमा लाग्ने रोगको रोकथामका उपाय बताउन<br>–मौरी तथा महको बजार पहिचान गर्न | –व्यावसायिक मौरीपालन गर्ने तरिका<br>–मौरीमा लाग्ने रोगहरू<br>–मौरीमा लाग्ने रोगको रोकथामका उपायहरू<br>–मौरीको संरक्षण गर्ने उपायहरू<br>–मौरी तथा महको बजार | १३ |
| १६.नगरक्षेत्रको घरेलु उद्योग तथा व्यापारव्यवसाय | –घरेलु उद्योगको उपयोगिता र महत्व बताउन<br>–घरेलु उद्योगको सम्भाव्यताबारे बताउन । | –घरेलु उद्योगको उपयोगिता<br>–घरेलु उद्योगको महत्व<br>–घरेलु उद्योगका सम्भावनाहरू<br>–व्यापारव्यवसायका | १३ | –घरेलु उद्योग सञ्चालन गर्ने तरिका बताउन<br>–घरेलु उद्योग संरक्षण र प्रबर्द्धनका उपायहरू बताउन<br>–उत्पादित वस्तुको बजार पहिचान गर्न | –घरेलु उद्योग सञ्चालन गर्ने तरिका<br>–घरेलु उद्योग संरक्षण र प्रबर्द्धनका उपायहरू<br>–उत्पादित वस्तुको बजार | १३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | –व्यापारव्यवसायको सम्भाव्यताबारे बताउन । | सम्भावनाहरू | | –व्यापारव्यवसाय प्रबर्द्धनका उपायहरू बताउन | –व्यापारव्यवसाय प्रबर्द्धनका उपायहरू | |
| **(ख) पर्यटन क्षेत्र** | | | | | | |
| १७. नगरक्षेत्रका ऐतिहासिक सम्पदा/स्थल | –ऐतिहासिक सम्पदा/स्थलहरूको विशेषता बताउन<br>–ऐतिहासिक सम्पदा/स्थलहरूको पर्यटकीय महत्व बताउन<br>–ऐतिहासिक सम्पदा/स्थलहरूको सम्भाव्यताबारे बताउन | –ऐतिहासिक सम्पदा/स्थलहरूको विशेषताहरू<br>–ऐतिहासिक सम्पदा/स्थलहरूको पर्यटकीय महत्व<br>–ऐतिहासिक सम्पदा/स्थलका सम्भावनाहरू | १३ | –ऐतिहासिक सम्पदा/स्थलको भ्रमणका फाइदाहरू बताउन<br>–ऐतिहासक सम्पदा/स्थलको संरक्षण र प्रबर्द्धनका उपायहरू बताउन | –ऐतिहासिक सम्पदा/स्थलको भ्रमणका फाइदाहरू<br>–ऐतिहासक सम्पदा/स्थलको संरक्षण र प्रबर्द्धनका उपायहरू | १३ |
| १८. नगरक्षेत्रका धार्मिक सम्पदा/स्थल | –धार्मिक सम्पदा/स्थलहरूको विशेषता बताउन<br>–धार्मिक सम्पदा/स्थलहरूको पर्यटकीय महत्व बताउन<br>–धार्मिक सम्पदा/स्थलहरूको सम्भाव्यता बारे बताउन | –धार्मिक सम्पदा/स्थलहरूका विशेषताहरू<br>–धार्मिक सम्पदा/स्थलहरूको पर्यटकीय महत्व<br>–धार्मिक सम्पदा/स्थलका सम्भावनाहरू | १३ | –धार्मिक सम्पदा/स्थलको भ्रमणका फाइदाहरू बताउन<br>–धार्मिक सम्पदा/स्थलको संरक्षण र प्रबर्द्धनका उपायहरू बताउन | –धार्मिक सम्पदा/स्थलको भ्रमणका फाइदाहरू<br>–धार्मिक सम्पदा/स्थलको संरक्षण र प्रबर्द्धनका उपायहरू | १३ |
| १९. नगरक्षेत्रका सांस्कृतिक सम्पदाहरू | –सांस्कृतिक सम्पदाहरूको विशेषताहरू बताउन<br>–सांस्कृतिक सम्पदाहरूको पर्यटकीय महत्व बताउन<br>–सांस्कृतिक सम्पदा/स्थलहरूको सम्भाव्यता बारे बताउन | –सांस्कृतिक सम्पदाहरूका विशेषताहरू<br>–सांस्कृतिक सम्पदाहरूको पर्यटकीय महत्व<br>–सांस्कृतिक सम्पदा/स्थलका सम्भावनाहरू | १३ | –सांस्कृतिक सम्पदा अवलोकनका फाइदाहरू बताउन<br>–सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रबर्द्धनका उपायहरू बताउन | –सांस्कृतिक सम्पदा अवलोकनका फाइदाहरू<br>–सांस्कृतिक सम्पदाहरूको संरक्षण र प्रबर्द्धनका उपायहरू | १३ |
| २०. नगरक्षेत्रका प्राकृतिक सम्पदा तथा स्थल | –प्राकृतिक सम्पदा तथा स्थलहरूको विशेषता बताउन<br>–प्राकृतिक सम्पदा तथा स्थलहरूको पर्यटकीय महत्व बताउन<br>–प्राकृतिक सम्पदा तथा स्थलहरूको सम्भाव्यताबारे बताउन | –प्राकृतिक सम्पदा तथा स्थलहरूका विशेषताहरू<br>–प्राकृतिक सम्पदा तथा स्थलहरूको पर्यटकीय महत्व<br>–प्राकृतिक सम्पदा तथा स्थलका सम्भावनाहरू | १३ | –प्राकृतिक सम्पदा तथा स्थलको भ्रमणका फाइदाहरू बताउन<br>–प्राकृतिक सम्पदा तथा स्थलको संरक्षण र प्रबर्द्धनका उपायहरू बताउन | –प्राकृतिक सम्पदा तथा स्थलको भ्रमणका फाइदाहरू<br>–प्राकृतिक सम्पदा तथा स्थलको संरक्षण र प्रबर्द्धनका उपायहरू | १३ |

## १२. शिक्षण सिकाइ सहजीकरण प्रक्रिया

यस स्थानीय विषयको शिक्षण सिकाइ सहजीकरण प्रक्रिया निम्नानुसार गर्नुपर्दछ ।

(१) यस स्थानीय विषयको सिकाइ सहजीकरण प्रक्रिया सञ्चालन गर्दा विद्यार्थी केन्द्रित र बालमैत्री शिक्षण विधि अपनाउनुपर्दछ ।

(२) यस स्थानीय विषयको पठनपाठन गराउँदा शिक्षणमा भन्दा निरन्तर सिकाइमा जोड दिनुपर्ने छ । सबै प्रकारका सिकाइ आवश्यकता र चाहना भएका (अपाङ्गता भएका, अशक्त, असहाय, कमजोर आदि) विद्यार्थीलाई समेट्ने गरी कक्षामा समावेशी शिक्षण प्रक्रिया अपनाउनुपर्दछ ।

(३) विद्यार्थीको सिकाइलाई केन्द्रबिन्दु मानी शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्दछ ।

(४) सिकाइ प्रक्रिया सैद्धान्तिक पक्षमा भन्दा बढी गरेर सिक्ने अवसर प्रदान गर्ने क्रियाकलापमा आधारित हुनुपर्दछ ।

(५) शिक्षकले सहजकर्ता, उत्प्रेरक, प्रवर्धक र खोजकर्ताका रूपमा भूमिका निर्वाह गर्नुपर्दछ ।

(६) शिक्षण सिकाइ क्रियाकलापमा सूचना तथा सञ्चार प्रविधिलाई उपलब्ध साधन, स्रोत र आवश्यकताअनुसार अधिकतम उपयोग गर्नुपर्दछ ।

(७) साधारण खण्डमा ज्ञान तथा बोध पक्षको विकास हुने गरी सिकाइ सहजीकरण गर्नुपर्दछ भने ऐच्छिक खण्डमा ज्ञान तथा बोधका साथसाथै सिपविकासको पक्षलाई जोड दिनुपर्दछ ।

(८) सिकाइ सहजीकरणमा विषयवस्तुको प्रत्यक्षीकरण, स्थानको प्रत्यक्ष भ्रमण, प्रयोग, प्रत्यक्ष भेटघाट, खेल, गीत, कथाकथन, प्रदर्शन, श्रव्यदृश्य सामग्रीको प्रदर्शन, अभिनय/भूमिका निर्वाह, छलफल तथा प्रश्नोत्तर, सिर्जनात्मक कार्य, समस्या समाधान जस्ता विधि र पक्षहरूलाई प्रयोगमा ल्याउनुपर्दछ ।

(९) सहजीकरण प्रक्रियाको लागि सामान्यतया साधारण खण्डमा सैद्धान्तिक पठनपाठनलाई जोड दिनुपर्नेछ भने ऐच्छिक खण्डमा प्रयोगात्मक पक्षलाई बढी जोड दिनुपर्दछ ।

(१०) विद्यार्थीहरूलाई खोजमूलक, सिपमूलक सिकाइ र परियोजना कार्यमा जोड दिनुपर्दछ ।

## १३. विद्यार्थी मूल्याङ्कन प्रक्रिया

यस स्थानीय विषयको विद्यार्थी मूल्याङ्कन प्रक्रिया देहायबमोजि हुनुपर्दछ ।

(१) निर्णयात्मक पद्धतिभन्दा बढी निर्माणात्मक/सुधारात्मक मूल्याङ्कन पद्धतिका आधारमा विद्यार्थीको सिकाइलाई सुनिश्चित गर्नुपर्दछ । निर्माणात्मक मूल्याङ्कनको मुख्य उद्देश्य विद्यार्थीहरूको सिकाइस्तरमा सुधार गर्नु हो ।

यसका लागि शिक्षकले विद्यार्थीको व्यक्तिगत सिकाइ उपलब्धिका आधारमा पटक पटक सिकाइ अवसर प्रदान गर्नुपर्दछ ।

(२) विद्यालयले विद्यार्थी मूल्याङ्कन प्रक्रियालाई व्यवस्थित गर्न विद्यार्थीको व्यक्तिगत प्रगति विवरण सञ्चय गरी राख्नुपर्दछ । यसलाई विद्यार्थीको कक्षा कार्य, सिकाइ क्रियाकलापमा सहभागिता, परियोजना कार्य, सिर्जनात्मक कार्य, गृहकार्य, उपलब्धि परीक्षा, हाजिरी, अनुशासन, व्यवहार परिवर्तनको अवलोकन आदिका माध्यमले अद्यावधिक गर्नुपर्दछ । विद्यार्थीको उपलब्धिका बारेमा आवधिक रूपमा विद्यालयमा छलफल गर्ने व्यवस्था गर्नुपर्दछ र विद्यार्थीको सिकाइ सुधारका लागि आवश्यक व्यवस्था गर्नुपर्दछ । प्रत्येक विद्यार्थीको व्यक्तिगत प्रगति विवरण सञ्चित अभिलेख फाइलमा राख्ने व्यवस्था गर्नुपर्दछ ।

(३) कक्षा १-३ मा पूर्णरूपमा निरन्तर मूल्याङ्कन पद्धति अवलम्बन गर्नुपर्दछ भने कक्षा ४-५ मा ५० प्रतिशत भारको निरन्तर मूल्याङ्कन पद्धति र ५० प्रतिशत भारको आवधिक निर्णयात्मक मूल्याङ्कनका माध्यमले विद्यार्थीको उपलब्धिको लेखाजोखा गर्नुपर्दछ ।

(४) निरन्तर मूल्याङकन पद्धतिमा विद्यार्थीको नियमितता/हाजिरी, कक्षा कार्य/सहभागिता, परियोजना तथा प्रयोगात्मक कार्य, सिर्जनात्मक कार्य, सिकाइ व्यवहारमा आएको परिवर्तनको अवलोकन र छोटा खालका उपलब्धि परीक्षाजस्ता पक्षहरूलाई समावेश गर्नुपर्दछ ।

(५) निरन्तर मूल्याङ्कन पद्धतिअन्तर्गतको उपलब्धि परीक्षा सञ्चालन गर्दा हरेक एकाइ/पाठको पठन पाठनपश्चात् पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धिलाई समेट्ने प्रश्नपत्र निर्माणमा ध्यान दिनुपर्दछ ।

(६) विद्यार्थी मूल्याङ्कन गर्दा शिक्षकले अपाङ्गता भएका र विशेष सिकाइ आवश्यकता भएका विद्यार्थीहरूका लागि उपयुक्त हुने मूल्याङ्कन प्रक्रिया अपनाउनुपर्दछ ।